"कृषि पर्यटन र ब्यांपार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

स्थाः २०७३

पत्र संख्या: २०८२/०८३(कृ.वि.शा)
चलानी न:

कोशी प्रदेश , नेपाल
मिति: २०८२/०८/२८
ने.स. ११४६ थिंलागा दशमी

विषयः प्रस्ताव आव्हान सम्बन्धी सुचना ।

**सूचना प्रकाशन मितिः २०८२/०८/२८ गते**

प्रस्तुत विषयमा यस चैनपुर नगरपालिका, कृषि विकास शाखाको वार्षिक स्वीकृत शर्सत कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ **को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुद्धढीकरण कार्यक्रम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२" अनुसार अधिकतम ८५% अनुदान रकम उपलब्ध गराउने कार्यक्रम** रहेको हुँदा यस चैनपुर नगरपालिकाका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समूह/ कृषि सहकारी संस्था/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०८२/०९/१९ गतेका दिन सार्वजनिक विदां परेमा कार्यालय खुलेको दिन) यस चैनपुर नगरपालिका, कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसूची -२) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस विषयमा थप जानकारीका लागि सम्बन्धित वडा र कृषि विकास शाखामा (श्री नविन चाम्लिङ राई कृषि स्नातक ९८६५४५८७५३ , श्री शुशिला राना प्रा.स. ९८६२१९४१८६) सम्पर्क गर्न सकिनेछ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१) निवेदन
२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
३) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
४) कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा)
५) निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी।
६) निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सो सम्बन्धित पत्र।
७) जग्गाको क्षेत्रफल र स्वामित्व, हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी वा लिजमा लिएको भए कम्तिमा ५ वर्षको सम्झौता गरिएको कागजातको प्रतिलिपि।
८) प्रतिवद्धता पत्र।

..........................

ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

<u>अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)</u>

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन।

श्रीमान्..............................,
..............................कार्यालय,
..................................... स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयबाट मिति .................................. मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ........................... कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

<u>तपसिलः</u>

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/प्रदेशः
वडा नः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदनः
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सञ्चालन गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

<u>निवेदक</u>

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकः
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नः
मितिः
संस्थाको छापः